स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिर्ग्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०८०/०८१ को

# निति, कार्यक्रम तथा बजेट

आदर्श गाउँपालिका

डोटी जिल्ला

शुदूरपश्चिम प्रदेश

२०८०

यस आदर्श गाउँपालिकाको आ.व.२०८०/०८१ को तेह्रौं गाउँ सभा उदघाटन समारोहका सभाध्यक्ष एवं आदर्श गाउँपालिकाका अध्यक्षज्यु, प्रमुख अतिथिज्यु, विशिष्ठ अतिथिज्यूहरु, सम्पूर्ण वडाका वडाअध्यक्षहरुज्यूहरु, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, पुर्व गाउँपालिकाका पदाधिकारीहरु, विभिन्न राजनैतिक दलका प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतज्यु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू,समाजसेवी, लगायत उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरु एवं महानुभावज्युहरु ।

२०७२ सालमा जनताका प्रतिनिधि मार्फत जारी भएको संविधानमा सार्वभौमसत्ता सम्पन्न जनता नै हुने व्यवस्था रहेको र उक्त संविधानमा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यबस्था गरिएको छ र सोही अनुरुप २०७९ बैशाख ३० गते स्थानिय तहको निर्वाचनमा निर्वाचित भए पश्चात दोस्रो पटक गाउँपालिकाको उपाध्यक्षको हैसियतले तपाईहरु समक्ष तेह्रौं गाउँ सभालाई सम्बोधन गर्न पाउदा ज्यादै खुसी लागेको छ । साथै यस तेह्रौ गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अमूल्य समय प्रदान गरी गाउँ सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम देशको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूरपश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा, उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । २०७८ को राष्ट्रिय जनगणना आधारमा यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. ४२०४ घरधुरी,जनसंख्या २४९११, (जसमा पुरुष ११९४१ र महिला १३७७०) परिवार संख्या ५४४९ रहेको छ । विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु कायम रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी वस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन र गाउँपालिकाको आन्तरिक श्रोतलाई समेतलाई मध्यनजर गरि गाउँपालिकाका पदाधिकारीहरु, विशेषज्ञ, बौद्धिक व्यक्तित्व, दलित, महिला, अगुवा कृषक जनसमुदायसंग प्रत्यक्ष भेला, भेटघाट,तथा फोन मार्फत लिईएको राय सुझाव एवं परामर्शको आधारमा आ.व.२०८०/०८१ को तेह्रौं गाउँसभाको यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागी आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय सभाध्यक्षज्यू,**

**२०७९ बैशाख ३० गते भएको स्थानीय निर्वाचनमा निर्वाचित भए पश्चात २०७९ जेष्ठ ५ गते निर्वाचित पदाधिकारीहरुले सपथ लिए पछि एक वर्षको समय सम्म यस आदर्श गाउंपालिकामा भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।**

यस गाउँपालिकामा रहेका सात ओटा वडाका करिब २६ हजार नागरिकहरुलाई आसातित बिकास र सुशासन दिनु र बिकासमा नागरिकहरुको अधिकतम सहभागिता बृद्धि गर्नु हामि सबैको जिम्मेवारी हो । विगत वर्षमा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानवीय बिकासमा कस्तो प्रभाव पारेको छ सो बिषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।



आदर्श गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवा नगरदह, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner

**(क) आर्थिक बिकास:** आदर्श गाउँपालिका अन्तर्गत बासिन्दाको गरिबी न्यूनिकरण गर्नु ठूलो चुनौति रहेको र जनताको जीवनस्तर उकास्नका लागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता दिई यस क्षेत्रका युवाहरुलाई आत्मनिर्भर बनाउन प्रयास गरिएको देखिएको छ । बजारीकरण तथा व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न व्यापार व्यवसायलाई दर्ता प्रक्रिया सञ्चालन गरिएको छ भने आलु धान,तरकारीको पकेट एरिया निर्धारण गरि कृषि व्यवसायको माध्यमबाट गाउँका बासिन्दालाई रोजगार प्रदान गर्न गाउँका धेरै स्थानमा कृषि व्यवसाय र पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार योजना संचालन गरिएको छ भने आदर्श समाज निर्माण गर्ने उद्येश्यले समाजमा घटने घटनाहरु नियन्त्रण गर्नको लागि गाउँपालिकालाई मदिरा निषेधित पालिका घोषणा गरिएको र हाल सम्म निषेधित मदिराबाट ६ लाख राजस्व संकलन भएको छ । साथै कृषि क्षेत्रको विकास तथा कृषकहरुको वृती विकासको लागि आदर्श गाउँपालिका भित्र कृषि पकेट क्षेत्र पहिचान गर्न निड्स नेपाल संस्थासंग जमिनको प्रयोग र विभिन्न समुदायमा कृषि पशुपालन तथा अन्य सम्भाव्यता अध्ययन कार्य साझेदारीमा भएको छ भने भोगमरीको समस्यालाई समाधान गर्न गाउँपालिकामा खाद्य डिपो स्थापना भएको र गाउँपालिकामा कोल्ड स्टोर निर्माणको लागि यसै आ.व.भित्र सम्बन्धीत निकायबाट डि पि आर हुने प्रक्रियामा रहेको छ ।

**(ख) सामाजिक क्षेत्र:** नयाँ निर्माण भएको गाउँपालिकाको प्रशासकीय भवनमा कार्यालयहरु सञ्चालन गरिएका र ईलाका प्रहरी कार्यालयको भवन निर्माण भई प्रहरी कार्यालय समेत सञ्चालनमा आएको छ भने वडा नं.३ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ । राष्ट्रिय विद्युत लाइन विस्तारलाई अघि बढाईनुका साथै गाउँपालिकामा विद्युत महशुल काउण्टर स्थापनाको चरणमा रहेको छ भने गाउँपालिका अन्तर्गत रहेका शाखाहरु र सम्पूर्ण वडाहरुमा इन्टरनेट तथा इन्भटर जडान गरि आधुनिक प्रविधिको विकासमा टेवा दिईएको छ । विद्यालयहरुमा कक्षा ८,१० र १२ मा अध्यनरत रहेका उत्कृष्ट रहेका छात्र छात्रालाई पुरस्कृत गरिनुका साथै लेखापालहरुलाई क्षमता विकास तालिम सञ्चालन,आइसिटी पुस्तकालय,विज्ञान प्रयोगशाला एवं विद्यालयहरुमा शिक्षण सामाग्री खरिद गरि गुणस्तरिय शिक्षामा जोड दिईएको छ भने युवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न वडाहरुमा खेलकुद प्रतियोगिता राख्ने अभ्यास भएको छ । आदर्श गाउँपालिकाको प्रमुख समस्या रहदै आएको स्वच्छ खानेपानीको उपयोग गर्न गाउँपालिकाको पहलमा आदर्श बृहत खानेपानी कार्यको सर्वेक्षण भई संघीय खानेपानी कार्यालयबाट टेण्डर प्रक्रियामा रहेको र वडा नं.३ को नुवाकोट र वडा नं.६ को काँडा गाउँमा खानेपानी टेण्डर आव्हान भई निर्माणको क्रममा रहेको साथै वडा नं.६ को गिरिचौकामा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको संयुक्त साझेदारीमा सौर्य मिनिग्रेड सोलार प्रणालीद्धारा बिजुली बत्ति सञ्चालन समेत गरिएको छ । आदर्श गा.पा.को मौवानगरदहमा १५ शैया अस्पताल निर्माण गर्नको लागि DPR टेण्डर आव्हान तथा अस्पतालको नाममा जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त भएको छ भने वडा नं.३ को काँडीमा वर्थिङ्ग सेन्टरको स्थापना र वडा नं.४ को डोकटमा सामुदायिक स्वास्थ्य इकाई केन्द्रको स्थापना भएको छ भने सुत्केरी,अशक्त तथा जेष्ठ नागरिकहरुको उपचारको लागि एम्बुलेन्स सेवा निःशुल्क गराएको छ । आत्मनिर्भर एवं स्वावलम्वन बनाउनको लागि विभिन्न आयमूलक तथा सिपमूलक तालिम सञ्चालन र गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत होजियारी,सिलाइ कटाइ तथा चप्पल उद्योग जस्ता सिपमुलक कार्यक्रम सञ्चालन गरिएको छ भने अपाङ्गहरुलाई सहजरुपमा परिचय पत्र वितरणको लागि अपाङ्ग परिचय पत्र वितरण शिविर कार्यक्रम सञ्चालन गरिएको छ र पञ्चवर्षिय आवधिक योजना निर्माण कार्य भैरहेको समेत अवगत गराउन चाहान्छु । साथै गाउँपालिकामा स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराउनको लागि एम.बि.बि.एस डाक्टरको नियुक्तिलाई निरन्तरता दिई MBBS डाक्टरबाट प्रत्येक वडाहरुमा जनरल शिविर सञ्चालन,आँखा शिविर सञ्चालन तथा मौवा स्वास्थ्य चौकीको प्रयोगशाला व्यवस्थापन,एक्सरे सेवा सञ्चालन समेत भएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**(ग) पूर्वाधार बिकास क्षेत्र:** आदर्श गाउँपालिकाको बिकासमा पुर्वाधार बिकासका लागि बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा विनियोजन गरिएको छ । गाउँपालिका क्षेत्रका पुर्वाधार अर्न्तगत गाउँपालिकाको प्रशासककीय भवन परिषरमा बाउण्डरी वाल र पालेघर निर्माण सम्पन्न भएको छ भने आदर्श गा.पा. वडा नं.१ को चानपुन्नेमा हेलिप्याड निर्माणको



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

कार्य अगाढि बढेको छ । आदर्श गा.पा.को वडा नं.६ अन्तरगत गिरिचोका मा.वि.मा ४ कोठे भवन तथा कपिलास आ.वि.सबखोलामा २ कोठे विद्यालय भवन निर्माणको चरणमा रहेको छ साथै गाउँपालिकामा चमेनागृह निर्माण भई सञ्चालनमा आएको व्यहोरा अवगत गराउन चाहान्छु ।

**(घ) बातावरण तथा बिपद् ब्यबस्थापन:** गाउँपालिका तथा वडा स्तरमा बिपत ब्यबस्थापन समिति गठन भई बाढी पहिरो तथा भुकम्पबाट पिडित व्यक्तिहरुको राहातको लागि सम्बन्धीत निकायमा मागको लागि पहल गरिसकेको व्यहोरा जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रबाह र सुशासन:** गाउँपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्यक्रम,सामाजिक सुरक्षा कार्यक्रमलाई अधि बढाईएको छ भने सुत्र प्रणालीबाट आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन गरिएको छ भने स्वास्थ्य सेवालाई सुदृढ गर्न स्वास्थ्य संस्थाहरुमा कर्मचारी पूर्ती गरिएको छ ।

**च) न्यायिक समिति:** प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम गर्दै आइरहेको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधि/ ऐनहरुको प्रकाशन, ७ वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन भई मेलमिलापकर्ताहरु सुचिकृत भइसकेका छन् ।सुचिकृत मेलमिलापकर्ताहरुले ४८ घण्टे तालिम प्राप्त गरिसकेका छन् । छुट्टै इजलासको व्यवस्था लगायतका कामहरु सम्पन्न भएका छन् । न्यायिक समितिको अधिकार क्षेत्र भित्र पर्ने बिवादको निरुपण स्थानीय तहबाटै हुने प्रणाली बसिसकेको छ । यो वर्ष जेठ मसान्तसम्म न्यायिक समितिमा दर्ता हुन आएका ८ वटा मुद्धाहरु मध्ये ८ वटै फर्छ्यौट भएका छन् । न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलु हिंसा, कुटपिट, जस्ता कुराहरुमा मेलमिलापको माध्यमबाट निरुपण गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू**

हाम्रो आदर्श गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ । बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा करौडौं रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट बिनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानबीय बिकासको स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यथार्थ हाम्रा सामु बिद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वयन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं बजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा बिकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्बसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य, आकर्षण बनाउन भ्रष्टाचारलाई शुन्यतामा ल्याई अनियमितता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित प्रतिनिधि राजनैतीक दल, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाती बुद्धीजीवी, शिक्षक, समाजसेवी, कर्मचारी एंव गाउँबासी सबैको कर्तब्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम ,निति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आवश्यकताका कारण आ.व.२०८० ०८१ मा गाउँसभाले केही लक्षित कार्यक्रम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**क) आर्थिक बिकास** : आदर्श गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका कृयाकलापहरुबाट आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आबश्यक भएको देखिएकोले बजार ब्यबसाय, कृषि, पशुपालन,

फलफुल, कुखुरापालन एवं पकेट क्षेत्र, सिप बिकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रम** आवश्यक रहेको छ त्यसैले आर्थिक बिकासको लागि आवश्यक पर्ने रकम बिनियोजन गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

- बाख्रापालनको पकेट क्षेत्रको अवधारणा लाई अगाडी बढाई नागरिकहरुलाई आत्मनिभरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलता प्रवर्द्वन गर्न मल,बिउ,किटनासक औषधीको उपलब्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्वन गरिने छ ।
- किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गर्न कार्यक्रमगत व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादन हुने नगदे तथा खाद्ये बालीको पकेट क्षेत्र बनाएर आत्मनिर्भर बनाउन प्राथमिकता दिईनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्वन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रमहरु ल्याइने छ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अधावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलव्ध हुने निर्माण,सेवा,व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदातासंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजकिरणको व्यवस्था गरिने छ ।
- कृषि क्षेत्रमा विशेष आलु कार्यकम,मौरी पालन कार्यकम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- कृषक पाठशाला,प्राङ्गारिक मल व्यवस्थापन,घरवारी व्यवस्थापन,कृषि मेला पर्दशनी,रैथाने वाली व्यवस्थापन,मौरी पर्वद्धन,च्याउ खेती तथा साना सिंचाइ कार्यक्रमको माध्यमबाट आधुनिक कृषि प्रणालीको विकास गराईनेछ ।
- फलफुल खेती,तरकारी खेती र पशुपालन कार्यकमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- स्थानीयस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा बिभिन्न किसिमका सीपमुलक तालीम कार्यकम सञ्चालन गरिने भएको छ ।
- पर्यटन बिकासलाई अघि बढाउन आवश्यक पुर्बाधार बिकास बढाइने कार्यकम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक स्रोत अभिबृद्धिका लागी करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिवृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्वन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको निती अवलम्बन गरिने भएको छ ।

- सम्वन्धित निकाएको सहयोग तथा सहकार्य सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- बजारमा अनियन्त्रीत रुपमा पसल अगाडी राखेका होडिङ्ग बोर्ड तथा फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यबस्थित तथा सफा बनाइने कार्यकम रहेको छ ।



गाउँ कार्यपालिकाको कार्यालय
आदर्श गाउँपालिका
गैरा नगरदह, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner

- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाका सम्भावित क्षेत्रमा पशुपालन, बाखा पालन,बंगुरपालन तथा फलफुल कार्यकम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- पशु स्वास्थ्य शिविर,कृतिम गर्भाधान,घास विकास कार्यक्रम तथा अगुवा कृषक तालिम एवं अध्यन अवलोकन भ्रमणको आयोजना गरि जनताको जिवनस्तरमा सुधार ल्याईने छ ।
- जनताको जिवनस्तर उकास्नको लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि इलाका वन कार्यालय संग समन्वय गरि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पूर्वाधार विकास कार्यकमहरु लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- व्यवसायमूलक उत्पादनका कार्यकमहरुलाई प्राथमिकता दिई दलित,पिछडिएको वर्ग महिलालाई सशक्तिकरण गराई आय आर्जनका कियाकलापहरु अघि बढाईने छ ।
- उन्नत जातको पशु व्यवसाय सञ्चालनमा ल्याउन आवश्यक सामाग्री खरिद भईसकेको हुँदा कृतिम गर्भाधान प्रकिया लागु गरिने छ ।
- कृषि तथ्याङक व्यवस्थापन र कृषकहरु सूचिकरण तथा दर्ता कार्यकमलाई व्यवस्थित गरिने छ ।
- कृषि कार्यमा आमूल परिवर्तन ल्याउनको लागि कृषि क्षेत्रमा लागेका उत्कृष्ट कृषक तथा कृषि कर्मचारीहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।
- भिरालो जमिनको संरक्षण गर्न गरा सुधार कार्यकम तथा खेतीयोग्य जमिनलाई उर्वरायुक्त बनाउनको लागि माटो परीक्षण कार्यकम अवलम्बन गरि एकिकृत बाली विकासको योजना अघि बढाईने छ ।
- नदि तथा खोलाबाट निकास हुने ढंगा,गिट्टी र बालुवाको श्रोत पहिचान गरि राजस्वको दायरा भित्र ल्याईने छ.।
- सिंचाइको आवश्यक व्यवस्था गरेर कृषि उत्पादनद्धारा आर्थिक विकास गर्न एक वडा एक उत्पादन कार्यक्रम गरिने छ ।

**(ख) सामाजिक बिकास :**सामाजिक विकास चेतना, शिक्षा, समावेशी बिकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवश्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको बिकासका लागि एथोचित बजेट बिनियोजन गरी निम्नानुसारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- गाउँपालिकामा बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्वन्धी कार्यकम संचालन गरिनेछ ।
- योजनाको तर्जुमा गर्दा सहभागितामूलक प्रक्रियाबाट योजना तर्जुमा अवलम्बन गरिने छ ।
- आदर्श गाउँपालिकामा रहेको खानेपानीको समस्यालाई समाधान गर्न लिप्टङ्ग प्रणालीलाई निरन्तरता दिदै साइलीगाढबाट खानेपानी ल्याउनको लागि सम्बन्धित सरोकारवालावर्ग तथा कार्यालयहरुसंग आवश्यक समन्वय गरि पहल गरिने छ ।
- वृद्ध वृद्धा तथा अशक्तहरुलाई होम स्वास्थ्यको माध्यमबाट चेकजाँच गरिने कार्यको शुरुवात गरिनेछ ।
- विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको अनुपातमा शिक्षक दरवन्दीको सृजना गरिने छ ।



आदर्श गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौनो नगरहट, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

- स्वास्थ्य नै धन हो भन्ने कुरालाई आत्मसात गरि विशेषज्ञ सेवा,ईसिजि सेवा तथा आँखा शिविर सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रमा आमूल सुधार गर्नको लागि कृषि विशेषज्ञहरुको राय परामर्शमा खाद्यान्न तथा नगदे बाली उत्पादनमा विशेष प्राथमिकता दिईने छ ।
- गाउँपालिका अन्तरगत रहेका बाझो जग्गाहरुमा कपास खेती सहित परिवेश सुहाउदो नगदे वाली तथा फलफुल उत्पादन कार्यको विकास गरि बाझो जमिन राख्ने प्रवृतीको अन्त्य गरिने छ ।
- गाउँपालिका भित्र एक घर एक करेसाबारीको अवधारणालाई अवलम्वन गरिने छ ।
- स्थानीय कच्चा पदार्थ,सिप र प्रविधिको प्रयोगद्वारा रोजगारी सृजना कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
- गाउँपालीकाबाट निर्माण गरिने विकासका हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।
- अस्पताल,स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिने छ ।
- खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिने छ ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्भसुलभ गराउन मापदण्ड बमोजिम बर्थिङ्ग सेन्टरको स्थापना तथा सामुदायिक स्वास्थ्य इकाई केन्द्रको स्थापनामा जोड दिई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराईनेछ ।
- सार्वजनिक तथा सामुदायिक बिद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतिक विकास सम्वन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिने छ ।
- गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिने निति अगाढि बढाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार ल्यावको व्यवस्था गरिएको र फार्मेसी सेवाको व्यवस्थाको लागि आवश्यक पहल गरिने छ ।
- व्यवसायमूलक शिक्षाको अवधारणा आजको आवश्यकतालाई आत्मसात गरि प्राविधिक शिक्षालयको स्थापना गरिने छ ।
- गाउँपालिकाबाट सवै बर्थिङ सेन्टरमा काम गर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलब्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ र उक्त तालिम लिए पश्चात कम्तिमा ३ वर्ष सम्बन्धीत स्वास्थ्य संस्थामा अ.न.मि.हरुले अनिवार्य काम गर्नु पर्ने कवुलियतनामा पेश गर्नु पर्ने प्रक्रियालाई अघि बढाईने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यक्रम सुरुवात गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- गाउँपालिकालाई प्लास्टिक मुक्त गाउँपालिका बनाउनको लागि लघु उद्यम शाखाको समन्वयमा प्लास्टिक रहित झोला निर्माण गर्ने तर्फ आवश्यक पहल गरिने छ ।



गाउँपालिकाको कार्यालय ... गाउँपालिका, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

- दीर्घरोगीहरु (क्यान्सर,मृगौला,मुटु रोगी) लाई आर्थिक सहयोग उपलब्ध गराइने छ।
- गा.पा.ले प्राविधिक शिक्षा अध्यन गर्ने विद्यार्थीहरुलाई सहयोग गरे वापत गाउँपालिकामा कम्तिमा छ महिना अनिवार्य सेवा गर्ने कवुलियतनामा गराइने छ।

- गाउँपालिका अन्तरगत रहेका ऐतिहासिक,धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गर्नको लागि आवश्यक पहल गरिने छ साथै यस आ.व.मा आड देखि गिरिचौका पर्यटकियस्थलको रुपमा विकास गर्न सम्भाव्यवता अध्यन गरि सम्बन्धीत निकायमा लगानीको लागि प्रस्तावना पेश गरिने छ ।
- कोल्ड स्टोरेजको लागि सम्भ्यावता अध्यनको कार्यलाई अघि बढाईने छ।
- निजि रुपमा सञ्चालित मेडिकलबाट दिईने स्वास्थ्य सेवालाई निरुत्साहित गरि सरकारी स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने सेवालाई प्राथमिकताको निति अवलम्वन गरिने छ।
- खेलकुद बिकासका लागी खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगिता संचालन गर्न खेलकुद मैदान निर्माण गरिनेछ। साथै खेलकुद बिकासका कार्यक्रमहरु संचालनका लागि गाउँपालिकाको केन्द्र विन्दुमा पालिकास्तरिय खेलकुदका कार्यक्रमलाई अगाढि बढाईने छ।
- यस आदर्श गाउँपालिकालाई मदिरा जन्य पदार्थको बिक्रि बितरणलाई २०७९ श्रावण १ गते देखि पूर्ण रुपमा प्रतिबन्ध गरिएकोमा यस ऐतिहासिक कार्यलाई यस आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिईने छ।
- बिपन्न र पछाडी पारीएका व्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यक्रम (गारमेन्ट, होजीयारी) उद्यमशीलता बिकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूग्ध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।
- महिला,दलित,अपाङ्ग तथा विपन्न बर्गहरुलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न शशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ।
- स्थानीय स्तरमा आय आर्जनमूलक घरेलु साना उद्योग (आफर,सिलाइ) लाई प्रोत्साहन दिनको लागि आवश्यक सहयोग उपलव्ध गराइने छ।
- यस आदर्श गाउँपालिकालाई आगामि समयमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालबालिका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने छ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु र धार्मिक क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईने छ।
- आदर्श गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरुलाई बलात्कारजन्य घटनाबाट वच्न आत्मरक्षा सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरिने छ।
- कृषि क्षेत्रको विकास गर्न आदर्श गाउँपालिका अन्तर्गत रहेका घोषित पकेट एरिया र अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार माटो परिक्षण गरिने प्रक्रियालाई अघि बढाईने छ।
- प्र.अ.विद्यालय व्यवस्थापन समितिलाई विभिन्न विज्ञहरुसंग परामर्शको माध्यमबाट पठन पाठनमा क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- अनिवार्य बिद्यालय भर्ना अभियान एबं व्यक्तिगत घटना दर्ता कार्यकमलाई वडामा अभियानको रुपमा संचालन गरिने छ। साथै आयु बढाउनको लागि जन्म दर्ता सम्बन्ध दिगो बनाउनको लागि विवाह दर्ता र सम्झना गराउनको लागि मृत्यु दर्ता गर्ने समयमा प्रेरणा दिएर उक्त व्यक्तिगत घटना दर्ता गर्ने वितिकै निज व्यक्तिहरुलाई वृक्षारोपणको भावना जागृत गराईने छ।



आदर्श गाउँपालिका
गाउँपालिकाको कार्यालय
नैना नगरदह, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

CamScanner

- जातीय छुवाछुत लगायत भेदभाव उन्मुलन गर्ने किसिमका अभियानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईएको छ ।
- विगतमा भईरहेका कार्यहरु र अनुउत्पादक क्षेत्रको लगानीलाई कटौती गरि कृषि,गैह्रकृषि लगायत उत्पादनमूलक कार्यमा लगानी वृद्दि गरिने छ ।
- नागरिकहरुलाई नैतिकवान एवं चरित्रवान बनाउनको लागि आवश्यक संस्कारयुक्त शिक्षालाई जोड दिईने छ ।
- समाजमा विद्यमान रहेका कुरिती छाउपडी प्रथा,बालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा बालदुर्व्यबहार जस्ता कुरालाई निरुत्साहितका लागि विगतका अभियानमूलक कार्यको निरन्तरता संगै साझा अभियानमुलक कार्यक्रम  तर्जुमा गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेको बिद्यार्थी संख्या न्युन रहेको बिद्यालयहरुलाइ आबश्यकता अनुसार समायोजन गरी बिद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रबर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ ।
- सामुदायिक विद्यालयहरुमा भर्ना गरिएका निजि शिक्षकहरुको लागि कार्यविधि निर्माण गरि पालिकास्तरमा दरबन्दी कायम गराईने छ ।
- SEE र कक्षा १२ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनुका साथै अध्यन गरेको विद्यालयलाई पनि सम्मान गरिने छ ।
- दुर्गा देवी मन्दिर देहिमाण्डौ,तेडी मन्दिर गिरिचौका,भैरव मन्दिर बाझ,प्रेमस्मृती पार्क,ऐलचौर,गुर्से लेक,कालीमाटी,आदर्श ५ को मष्टा,समैजी र आडको तेडी जस्ता धार्मिक तथा प्राकृतिक क्षेत्रलाई थप व्यवस्थित गरि पर्यटकिय क्षेत्र बनाउन आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाको बृहत खानेपानी योजना निर्माणको लागि केन्द्र,प्रदेश तथा अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ ।
- शहिद लाल बहादुर विष्ट स्मृती प्रतिष्ठान बैधानिकरुपमा दर्ता प्रक्रियामा ल्याई निजको शालिक निर्माणको प्रक्रिया अगाढि बढाइने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका बेरोजगार जनशक्तिलाई भारत तथा अन्य बाह्य मुलूक जान रोक्नको लागि गरिबसंग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै बसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार बन्न प्रेरित गराईने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका विपन्न गरिब,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले प्राविधिक विषय,पाइलट,डाक्टर (चिकित्सासास्त्र) अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकाबाट सहयोगको निति अवलम्बन गरिने छ ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय बनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराईने छ ।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि बढाईने छ ,
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ ।
- सम्पूर्ण वडा कार्यालय जोडने गरि सडकको स्तरोन्नती निर्माण कार्यलाई अघि बढाईने छ ।

- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

**(ग) पुर्वाधार बिकास :** गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट बिनियोजन गरिएको छ । अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्वाधारको स्तर बृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यक्रम रहने छ ।
- गाउँपालिकाको आवधिक योजना,मध्यकालिन खर्च संरचना तथा खरिद गुरु योजनाको निर्माण कार्य भइसकेकोले कार्यान्वयन गर्ने तर्फ अग्रसर गराइने छ ।
- गौरबका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अधि बढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ ।
- भौतिक पूर्वाधारको क्षेत्रमा गाउँपालिका अन्तर्गत दक्ष मिस्त्रीको अभाव रहेको हुँदा पालिका भित्र व्यवसायिक रुपमा कार्यरत सम्पूर्ण दक्ष मिस्त्रीहरुलाई कार्य अनुसार बर्गिकरण गरि तालिमको व्यवस्थापन गरे पश्चात तालिम प्राप्त दक्ष मिस्त्रीहरुलाई प्रमाण पत्र उपलब्ध गराई स्थानीय तहमा काम गर्ने कबुलियतनामा सहितको प्रक्रिया अगाढि बढाईने छ ।
- गाउँपालिका अन्तरगत भुक्षय नुहुने किसिमले सडक निर्माण कार्यमा जोड दिईने छ तथा बायुइन्जिनियरिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।
- तोकेको मापदण्ड बमोजिम भुकुम्प प्रतिरोधात्मक घर निर्माण गर्नेलाई गाउँसभाबाट सम्मान तथा पुरस्कृत गराईने छ ।
- गाउँपालिका भित्रका बिजुली बत्ति नपुगेका गाउं बस्तिलाई बिजुली बत्ति पुगाउन उच्च प्राथमिकता दिइने छ ।
- बिषेशत ठूला पूर्बाधार योजनाहरु  प्रदेश सरकार संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी निति अपनाई अगाढि बढाईने छ ।
- आकस्मिक रुपका गरिने कार्यकमहरुको लागि प्रक्रिया बमोजिम आकस्मिक कोषको व्यवस्था गरिने छ ।
- योजनाहरु छनौट गर्दा लागत अनुमानको आधारमा छनौट गरिने र योजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने निति अवलम्बन गरिनेछ ।
- आदर्श गाउँपालिका अन्तरगत हुने गौरबका योजनाहरुको लागि डिपिआर गराउने प्रक्रिया अवलम्बन गरिने छ ।

**अ. घर नक्सा पास :**

- गाउँपालिकामा सरकारी, गैरसरकारी, भवन निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिनेछ ।
- निर्माणको कममा रहेको वा अब नयां बन्ने भवनहरुलाई **"एकघर पाँच बिरुवा"**को निती अबलम्बन  गरिनेछ ।
- गाउँपालिकाको क्षेत्र भित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री र बाल मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- पुराना घरहरुको अभिलेखिकरण तथा नया घर दर्ता गर्ने प्रकृयालाई लागु गरिनेछ ।
- घना बस्ति भएका क्षेत्रमा ढल निकासको उचित ब्यवस्थापनमा ध्यान दिइने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा नगरदह, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

- गाउँपालिका क्षेत्र भित्र घर निर्माण गर्दा गाउँपालिका संग अनुमती लिएर मात्र निर्माणको प्रक्रिया अगाढि बढाउनु पर्ने अन्यथा पालिका बाट पाउने सेवा सुविधा कटौती गरिने छ ।

**(घ) वन,वातावरण तथा विपद व्यवस्थापन :**विपद् रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी,प्रतिकार्य र पुनर्लाभका कार्यकमहरु सञ्चालन गर्न स्थानीय विपद् कोषमा आवश्यक बजेटको व्यबस्था गरिने छ । विपद व्यबस्थापनका लागि थप आबश्यक कार्य समेत गरिने भएको छ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन वृक्षारोपण एवं संरक्षणका कार्यक्रमहरु अगाडि बढाईने छ ।
- बैज्ञानिक पद्वतीबाट वन जंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नको लागि प्राकृतिक श्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरि जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाढि बढाइने छ ।
- सरकारी वन र सामुदायिक वन संरक्षण गर्ने निति अवलम्बन गरिने छ ।
- आगामी आ.व. देखि आदर्श गाउँपालिका अन्तर्गत जंगल मासेर वा प्रति जग्गा अतिक्रमण गरेर घर टहरा निर्माण गर्ने क्रियाकलापलाई निरुत्साहित गरिने छ ।
- पूर्वाधार विकासका कियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दूमा राखि कार्यान्वयन सघाउ पुग्ने गरि डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रबद्धर्न गर्नका लागी सरसफाई कार्ड बितरण गरि पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईने छ ।
- सडक अतिकमण गरी निर्माण गरेका घर, टहराहरु हटाउनका लागी सडक सिमानाको पुन:निर्धारण गरि हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- वन जंगलको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि वन कार्यालय संग आवश्यक समन्वय गरिने छ ।

ङ) न्यायिक समिति :

१ न्यायिक समितिबाट मुद्दा मामिलाहरुको सुनुवाई, सहजिकरण, फैसला गर्ने कार्य नियमित रुपमा गरिनेछ । न्यायिक समितिका सबै गतिविधिहरुलाई डिजिटाइजेसन गरि अभिलेख राखिनेछ । वडास्तरमा मेलमिलापकर्ता मार्फत विवाद सहजिकरण गरिनेछ ।

२ न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ ।

३ सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउँदै सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ।

४ सामुदायिक मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको व्यबस्था मिलाईनेछ ।

५ न्यायिक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।

६ विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।

७ मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा नगरदह, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

८ गाउँपालिकाद्वारा जारी गरिएको न्यायिक समिति कार्यविधि, ऐन, कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

९ न्यायिक निरुपणमा संलग्न सामुदायिक मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सहजिकरणको लागि अन्तरक्रिया प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरि जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ ।

च) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा :

१. गाउँपालिका भित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गियक तथा जातीय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम गाउँपालिका तथा वडास्तरमा समेत संचालन गरिनेछ ।

२. गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक पूर्व तयारीका कार्यक्रमहरु संचालन गरिनेछ र विशेष गरि वडा नं.१,२ र ७ लाई वडास्तरिय बालमैत्री घोषणा कार्यक्रम यसै आ.व.मा गर्नको लागि पहल गरिने छ। बाल विवाह र बहुविवाहलाई निरुत्साहित गर्न विभिन्न किसिमका अभियान एवं चेतनामुलक कार्यक्रम संचालन गरिनेछ

३. गाउँपालिका भित्रका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नको लागि सम्बद्ध सामुदायिक रेडियो तथा पत्रकार महासंघसँग समन्वय गरी बाल पत्रकारीता तालिम संचालन गरिनेछ ।

४. किशोरीहरुलाई प्रजनन शिक्षाको बारेमा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. बालविवाहको रोकथाम तथा अन्त्यको लागि बालबालिका लक्षित सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाउँपालिका भित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्ध वृद्धाको उचित व्यवस्थापन तथा स्याहारको लागि राहत रकम उपलब्ध गराउने, आवश्यक सेवा केन्द्र सञ्चालन गर्न संघ संस्थासँग समन्वय तथा सहयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

७. जोखिममा पारेका बालबालिकालाई उद्धार तथा सहयोगको लागि आपतकालिन बाल कल्याण कोषलाई निरन्तरता दिईनेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याकं अद्यावधिक गरी अपाङ्ग सहायक सामाग्री वितरण गरिनेछ । साथै उनीहरुको जिविकोपार्जनमा सहयोग पुर्याउने गरी अपाङ्ग सिप विकास तालिम र विउ, पुजी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. महिला हिंसा अन्त्य तथा न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु लागु गरिनेछ ।

१०. महिलालाई उत्पादन र आय आर्जन सँग जोड्न उनीहरुको सीप र क्षमता अभिवृद्धको लागि महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

११. महिला अधिकार एवं हकहित र संरक्षणमा जोड दिईनेछ।

गाउँपालिकाको कार्यालय
नगरदह, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३



CamScanner

१२. जेष्ठ नागरिकहरुको हकहित संरक्षण र सर्म्बद्धन तथा सहज सम्मानजक जिवन यापनका लागि कार्यक्रम सञ्चालन र सहजिकरण गरिने छ।

१३. हरेक नितिगत निर्माण एवं विकासका पूर्वाधार निर्माणमा अनिवार्य रुपमा महिलाहरुको सुनिश्चितता गरिने छ।

१४. महिला स्वरोजगार एवं सिपमूलक लघु उद्यमसिलता कार्यक्रमहरुलाई शसक्त रुपमा अघि बढाईने छ।

१५.लैगिंक दृष्टिकोणबाट पछाडि परेका महिलाहरुको क्षमता विकास अभिवृद्धीमा विशेष जोड दिईने छ।

१६. आदर्श गाउँपालिका भित्र गठन गरिएका बालकवहरु प्रभावकारी बनाउने र बालमैत्री स्थानीय शासन कार्यान्वयवन कार्यविधि बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिने छ।

**(छ) संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन :** गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आबश्यक रकम बिनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म योजना तर्जूमा सम्वन्धी क्षमता अभिबृद्धि गर्ने कार्यकम संचालन गरिने छ।
- गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना मैत्री वनाउने व्यवस्था गरिने छ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिने छ।
- सचेतनामूलक तथा आयमूलक कियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने निति लिईने छ।
- सञ्चार क्षेत्रको विकास गर्न आगामि दिनमा सञ्चार माध्यमलाई प्रवर्द्धन गरिने छ र स्थानीय क्षेत्रमा रहेका सञ्चारकर्मीहरुलाई क्षमता अभिवृद्धि गराउनको विशेष जोड दिईने छ।
- गैह्र सरकारी संस्थाहरुवाट गरिने कार्यकमहरु स्थानीय तहको स्वीकृती विना सञ्चालन नगरिने निति अवलम्वन गरिने छ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आवश्यक तालिम प्रदान गरिने छ।
- बिभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिवृद्धिका लागी क्षमता अभिवृद्धि सम्वन्धी कार्यकम संचालन गरि सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई श्रोत साधनमा पूर्णता दिईने छ।
- सार्वजनिक परिक्षण, सामाजीक लेखा परिक्षण, सार्बजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमवाट सुशासन र पारदर्शिता अभिवृद्धि हुने भएकोले उक्त कार्यलाई अनिवार्य गराइने छ।
- गाउँपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह गरीने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालित पद्धतिको अबलम्बन गर्दै लगिने छ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत तथा सजायको व्यवस्था गरिने छ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ।



CamScanner

- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली लागु गरिने छ।
- गाउँपालिकामा आवश्यक निति, कार्यविधि, निर्देशिका तथा ऐनहरु निर्माण गरिने छ।
- आर्थिक पारदर्शिता र भष्ट्राचार न्युनिकरणमा विशेष जोड दिईने छ।
- गाउँपालिकाको आन्तरिक श्रोत वृद्वि गर्नको लागि करका दर दायरा निर्धारण गरिने छ।
- कर्मचारीहरुलाई आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गराइनेछ र अनुशासनको पालना नगर्ने र आफ्नो काम प्रति लापरवाही गर्ने कर्मचारीलाई आगामि आ.व.मा आवश्यक कारवाही गरिने छ।
- निड्स नेपालसंगको साझेदारीमा विपन्न वैदेशिक रोजगारबाट फर्किएका आप्रवासीका परिवारका सदस्यलाई सिपमूलक तालिम र आय आर्जनका लागि सहयोग र साना सिंचाइ कार्यक्रम लागु गरिने छ। साथै निड्स नेपालको सहयोगमा सुरक्षित आप्रवासन तथा आर्थिक विकासका कार्यक्रमहरु समेत लागु गरिने छ।

अन्य बिबिध कार्यकमहरु :

- छोटो समयमा बढी प्रतिफल र कम लगानीबाट बढी भन्दा बढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागिता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यथार्थ र प्रभावकारी बनाइने छ।
- स्वास्थ्य संस्थाको प्रेषण कार्डको आधारमा जेष्ठ नागरिक, गर्भवती महिला तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईने छ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई LMBIS प्रणालीमा प्रविष्ट गरिने छ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्य गरिएकोमा सो अनुसार कार्यान्वयनमा जोड दिईने छ।
- योजनाको निर्माण कार्यलाई दिगो रुपले विकास गर्नको लागि उपभोक्ता समितिहरुलाई दर्ता प्रकियामा ल्याई प्रमाण पत्र उपलब्धको समेत व्यवस्था गरेर कार्यतालिका वमोजिम सम्झौता गरि उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम उपलव्ध कार्यलाई निरन्तरता दिईने छ।
- गाउँकार्यपालिका कर्मचारी,पदाधीकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा गाउँपालिकाको संस्थागत विकास कार्यलाई सुदृढ गरिनेछ र उक्त कार्यको लागि प्रादेशिक प्रशिक्षण केन्द्र तथा अन्य संघसंस्था एवं सरोकारवाला निकाय संग समन्वय गरिने छ।
- कार्यालयबाट सम्पादन हुने जनताका दैनिक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य बिभाजन ,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिईने छ।
- व्यवसाय कर असुली गरि आन्तरिक आय बढाउनका लागी पहल गरिने छ। साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अवलम्बन गरिने छ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारिक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यक्रम रहेको साथै बिपन्न एकल महिला अती बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने छ।
- एच आइ भी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिईने छ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रकियामा ल्याइने छ।
- आ.व.२०८०/०८१ को रजिष्ट्रेसन प्रयोजनका लागि गाउँपालिकाको जग्गाको मूल्याकंन साविक बमोजिम यथावत कायम गरिने छ।



आदर्श गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बोगटान फुड्सिल, डोटी

- अव्यवस्थित बसाइ,भूमिहिन भएका व्यक्तिहरुको लगत संकलन गरि व्यवस्थित बसाइको लागि भूमि व्यवस्थापन आयोगको समन्वयमा जग्गाधनी प्रमाण पूर्जा उपलव्धको लागि व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत रहेका सडकहरुको सुदृढीकरण एवं सडक सञ्जालको विस्तृत विवरणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत कक्षा १ देखि ५, कक्षा १ देखि ८ र कक्षा १ देखि १२ सम्मका विद्यालयहरुका प्र.अ.,शिक्षक,कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको कार्य सम्पादनको मूल्याङकन गरि प्रत्येक वर्ष नगद पुरस्कार र उत्कृष्ट आदर्श गाउँपालिका शिक्षक कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्थानीय भाषाको संरक्षण एवं सम्वर्द्धन गर्नको लागि विद्यालयहरुमा स्थानीय पाठयक्रमको निर्माण कार्यलाई अघि बढाईने छ।
- गाउँपालिका अन्तरगतको जग्गाहरुलाई आवास क्षेत्र,वन क्षेत्र र कृषि क्षेत्र छुटयाई मालपोत कार्यालय तथा नापी कार्यालय डोटीसंग समन्वय गरि वर्गिकरण गरिने छ।

- आदर्श गाउँपालिकाको आ.व.२०८०/०८१ को अनुमानित आय तथा व्ययको विवरण:

| आय तर्फ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **शिर्षक** | **स्रोत** | **रकम रु.** |
| १ | समानिकरण अनुदान | संघ | ९,०८,००,०००। (नौ करोड आठ लाख) |
| २ | समानीकरण अनुदान | प्रदेश | ७३,५८,०००। (त्रिहत्तर लाख अठाउन्न हजार) |
| ३ | राजश्व बांडफाँड | संघ | ९,५५,२०,५००। (नौ करोड पचपन्न लाख विस हजार पाँच सय) |
| ४ | सवारी साधन कर (राजस्व बाँडफाँड) | प्रदेश | १९,३८,०००। (उन्नाईस लाख अठतिस हजार) |
| ५ | शसर्त अनुदान | संघ | १९,७४,००,०००। (उन्नाईस करोड चौद्य लाख) |
| ६ | प्रदेश शसर्त अनुदान | प्रदेश | १७,५०,०००। (सत्र लाख पचास हजार) |
| ७ | विशेष पुजिगत अनुदान | संघ | १,४५,००,०००। (एक करोड पैचालिस लाख) |
| ८ | विशेष पुजिगत अनुदान | प्रदेश | ६०,००,०००। (साठी लाख) |
| ९ | समपुरक पुजिगत अनुदान | संघ | ५०,००,०००। (पचास लाख) |
| १० | समपुरक पुजिगत अनुदान | प्रदेश | ५४,३७,०००। (चौपन्न लाख सैतिस हजार) |
| ११ | आन्तरिक आम्दानी | | ३०,००,०००। (तिस लाख) |
| १२ | मौज्दात रकम | | २,५०,००,०००। (दुई करोड पचास लाख) |
| | कुल आम्दानी रकम | | **४५,३७,०३,५००। (पैंचालिस करोड सैतिस लाख तिन हजार पाँचसय)** |

| व्यय तर्फ | | |
|---|---|---|
| सशर्त अनुदान तर्फ | १. विषयगत शसर्त अनुदान तर्फ | १९,९१,५०,०००। (उन्नाइस करोड एकानब्बे लाख पचास हजार) |
| आन्तरिक श्रोत तथा राजश्व बाँडफाड तर्फ | २. पादाधिकारी पारिश्रमिक एवं कर्मचारी तलव भत्ता लगायतका | १०,५४,५८,५००। (दश करोड चौपन्न लाख अठाउन्न हजार पाँचसय) |



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा नगरदह, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

| | | |
|---|---|---|
| | कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च | |
| | ३. बिषयगत शाखा तर्फ | २००००००। (दुई करोड) |
| | ४. समपुरक कोष | १,०४,३७,०००। (एक करोड चार लाख सैतिस हजार मात्र) |
| बितिय समानीकरण संघ र प्रदेश | ५. गाउँस्तरीय एवं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुँजीगत खर्च तर्फ | ११,८६,५८,०००। (एघार करोड छयासी लाख अठाउन्न हजार) |
| **जम्मा** | | **४५,३७,०३,५००। (पैंचालिस करोड सैतिस लाख तिन हजार पाँचसय)** |

अन्तमा आफनो अमुल्य समय दिई पाल्नुहुने श्रद्धेय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू,विशिष्ट अतिथीज्युहरु,वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु लाई धन्यवाद दिन चाहान्छु । यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने सुरक्षा निकायका प्रमुखज्युहरु,पत्रकारज्युहरु सरकारी, गैरसरकारी क्षेत्रका सहभागीहरु लगायत उपस्थित अन्य व्यक्तित्व प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस तेह्रौं गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा चाहान्छु ।

## धन्यवाद



CamScanner